## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१०९

आज मिति २०८१/११/०८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०९ मितिः २०८१/११/०८

**प्रस्तावहरुः**

१) उत्तरगया गाउँपालिकाको विनियोजन ऐन,२०८१ को संशोधन सम्बन्धमा।

२) लेखा समितिको प्रतिवेदन सम्बन्धमा।

३) IOM internship विद्यार्थीहरुलाई प्रमाणपत्र सहित विदाई गर्ने सम्बन्धमा।

४) नयाँ एम्बुलेन्स सन्चालन सम्बन्धमा।

५) सामुदायिक भवनको निर्माण कार्यक्रमको शिर्षक परिवर्तन गर्ने सम्बन्धमा।

६) आयोजना बैंक र मध्यकालिन खर्च संरचनाको निर्माण सम्बन्धमा।

७) समपुरक र विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

८) एम्बुलेन्स सन्चालन कोषमा रकम व्यवस्थापन सम्बन्धमा।

९) कार्यविधि तर्जुमा सम्बन्धमा।

**निर्णयहरुः**

१. गाउँ सभाको सत्रौं अधिवेशनको दोश्रो बैठकमा उत्तरगया गाउँपालिकाको विनियोजन ऐन,२०८१ लाई संशोधन गर्न वनेको विद्येयक २०८१ लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो।

२. उत्तरगया गाउँपालिकाको लेखा समितिको प्रतिवेदन, २०८१ गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

३. इन्स्टिच्युड अफ मेडिसन (Institute Of Medicine) बाट इन्टनसिपको लागि यस गाउँपालिकाका वडा कार्यालयहरुमा खटिएका विद्यार्थीहरुलाई उहाँहरुको कामको उच्च मूल्याङ्कन गर्दै प्रमाणपत्र सहित विदाई गर्ने गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. उत्तरगया गाउँपालिकालाई माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजना (२१६ मेगावाट) ले यस गाउँपालिकालाई प्रदान गर्ने एम्बुलेन्स डाँडागाउँ स्वास्थ्य चौकी, उत्तरगया २ बाट सन्चालन र व्यवस्थापन गर्ने गरी सिफारिस गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. उत्तरगया गाउँपालिकाको वडा नं ४ अन्तर्गतको बजेट शिर्षक **माथिल्लो ढुङ्गे सामुदायिक भवन निर्माण** लाई संशोधन गरी **ढुङ्गे सामुदायिक भवन निर्माण** कायम गर्ने निर्णय गरियो।

२०८१/११/०८

होमनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०९ मितिः २०८१/११/०८

६. उत्तरगया गाउँपालिकाको परियोजना बैंक र मध्यकालिन खर्च संरचना निर्माण गर्न गाउँपालिकाको कर्मचारीहरुबाट कार्यदल गठन गरी कार्य अगाडी बढाउने गरी व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. यस गाउँपालकाबाट आ.व.२०८२/०८३ को समपुरक र विशेष अनुदानको लागि तपसिलका आयोजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क. संघिय समपुरक तर्फबाट

i. वडा कार्यालय भवन निर्माण वडा नं.१ र वडा नं.४
ii. शान्तिबजार पैरेगाउँ ठुलोगाउँ डाँडागाउँ सडक निर्माण वडा नं २ र ३
iii. बनुवाडाँडा कर्मिडाँडा चिउरीबोट सडक स्तोरोन्नती वडा नं ४ र ५

**ख.** संघिय विशेष अनुदान तर्फबाट

iv. को खेलमैदान निर्माण वडा नं ३ र ४
v. डाँडागाउँ छात्राबास भवन निर्माण
vi. उत्तरगया धाम व्यवस्थापन
vii. वलीडाँडाबाट करुमऱ्याङ सडक निर्माण

८. उतरगया गाउँपालिकाको एम्बुलेन्स सन्चालन तथा व्यवस्थापन समितिको हिमालयन बैंक वेत्रावती शाखामा रहेको पुरानो खाता ( UTTARGAYA GAUPALIKA. A.S.T.B. SAMITI खाता नं.०४४०८७८४६३००१७) बन्द गर्ने र उक्त खातामा रहेको रकम स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा रहने गरी उत्तरगया गाउँपालिकाको खातामा जम्मा हुने व्यवस्थापन गर्नुका साथै गाउँपालिका मार्फत एम्बुलेन्स सञ्चालन भए पश्चात संकलन भएको राजस्व वापतको रकम पनि सोही कोष अन्तर्गत जम्मा गर्न र एम्बुलेन्स सञ्चालनको लागि १ जना हलुका सवारी चालक (प्रथमस्तर) को ज्यालादारीमा व्यवस्थापन गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

९. तपसिल बमोजिमका कार्यविधिहरुको मस्यौदा तयार गरी गाउँ कार्यपालिका समक्ष पेश गर्न देहाय बमोजिमका सम्बन्धित विषयगत शाखा र विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो।

२०८१/११/०८
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: १०९ मिति: २०८१/११/०८

<u>तपसिल</u>

क. अन्तरजातिय विवाह सम्बन्धी कार्यविधि- महिला बालवालिका तथा जेष्ठ नागरिक शाखा

ख. आर्थिक सहायता सम्बन्धी कार्यविधि- स्वास्थ्य शाखा

२०८१/११/०८

प्रमुख प्रशासकीय अधिकृत